आज मिति २०७७।०६।०३ गते चौरजहारी नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री राम बहादुर केसीको अध्यक्षतामा नगरपालिका अन्तरगतका विभिन्न शाखा/उपशाखा/ वडा कार्यालय/इकाई/आधारभुत स्वास्थ्य केन्द्र मा कार्यरत तपशिल बमोजिमका कर्मचारीहरुको उपस्थितिमा देहाय वमोजिमको प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

आमन्त्रित
श्री विशाल शर्मा - नगर प्रमुख
श्री राधा रोका - नगर उप प्रमुख

उपस्थिती

| क्र सं | नाम थर | पद | कार्यरत कार्यालय | सम्पर्क नं | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री राम बहादुर केसी | प्रमुख प्रशासकीय अधिकृत | चौरजहारी नगपालिका | ९८५७८२६१११ | | |
| २ | श्री राम कुमार गौतम | जनस्वास्थ ~~निरीक्षक~~ अधिकृत | स्वास्थ्य तथा सामाजिक विकास शाखा | ९८५८०९५८४६ | | |
| ३ | श्री श्याम बहादुर रावत | लेखा अधिकृत | चौरजहारी नगपालिका | ९८४८३२४९८२ | | |
| ४ | श्री यज्ञ बहादुर कार्की | इन्जिनियर | चौरजहारी नगपालिका | | | |
| ५ | श्री गणेश बुढा मगर | अधिकृत छैटौं | पशुसेवा शाखा | ९८४८०९८६२५ | | |
| ६ | श्री प्रकाश डाँगी | | कृषि ~~पशुसेवा~~ विकास शाखा | | | |
| ७ | श्री ज्ञानु गौतम | पोषण सहजकर्ता | चौरजहारी नगपालिका | ९८५८०७५५७५ | | |
| ८ | विजय विष्ट | प्रशासन सहायक | चौरजहारी नगरपालिका | ९८५८०३२९१९ | | |
| ९ | सुरेन्द्र ब. विष्ट | सब-ईन्जिनियर | ,, ,, | ९८६८०५२६८६ | | |
| १० | हिमालय राना | प्र.स्वा.नि. | प्रा.स्वा.के बोरजटारी | ९८४९६३४५२६ | | |
| ११ | धावलाल खड्का | हे०अ० | तुक्कोट स्वा.चौ. | ९८४६५३४३३३ | | |
| १२ | विश्व प्रकाश ओली | (हे०अ०) | चौरजहारी नगर अस्पताल | ९८६३४६३३०५ | | |
| १३ | गणेश खड्का | सहायक | १४नं. वडा कार्यालय | ९८४०५०२६६७ | | |
| १४ | बलबहादर के.सी. | वडा सचिव | ४नं. वडा कार्यालय | ९८४८०३०५३१ | | |
| १५ | प्रविन थापा | प्राविधिक सहायक | चौरजहारी नगर | 9868859284 | | |
| १६ | मिना कुमारी पोखरेल | अ.न.मी | विजयश्वरी स्वा.चौ. | 9868626322 | | |
| १७ | प्रकाश डाँगी | प्राविधिक सहायक | कृषि सेवा केन्द्र | 9857856924 | | |
| १८ | किरण कुमार सिंह | ना.प.प्रा. | ,, — ,, | ९८४४५३०२२३ | | |
| १९ | रूप बहादुर केसी | का.स | ,, — ,, | ९८४९०४८३२२ | | |
| २० | कालु कुमाल | का.स | चौ.न.पा | | | |
| २१ | दिलिप कु. सोनी | हि. अ. | चौ.न.पा. | | | |
| २२ | चेतन बुढा मगर | इन्जिनियर प्रमुख | नगरपालिका | ९८४४५२४४१९ | | |
| २३ | गोविन्द खड्का | सि-हे.पा. | ,, | | | |
| २४ | रामलाल शर्मा | लेखापाल | ,, | ९८६४३५६०३० | | |
| २५ | दिपेन्द्र शर्मा | अ. सब-इन्जिनियर | वडा नं. ६ र १२ | 986399523 | | |
| २६ | भरत नेपाली | अ.हे.व. | वडा नं. ४ | 9868028684 | | |
| २७ | विपना रोकाय | अ.न.मी | स्वा.चौ. | 9866166288 | | |
| २८ | ज्ञान केसी | का.स | वडा ११ | 9868007201 | | |
| २९ | भीम बहादुर के.सी. | सब-इन्जिनियर | न.पा. | ९८४९६४५६७० | | |
| ३० | राजु शर्मा | अ. सब इन्जिनियर | वडा नं. ४ र ५ | ९८४३३६१९६२३ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१ | रोजालाल प. जोशी | अ. सब-इन्जिनियर | वडा नं. ३ | | | |
| ३२ | महेश हिं. सी. | सामाजिक | चौ. न. पा. | ९८०४४५९९० | | |
| ३३ | मोहन थापा | अ. सब-इन्जिनियर | चौ. न. पा. | ९८६९७४०६९८ | | |
| ३४ | दिपेन्द्र कु. वड्वाल | ल.प्र.व.स.नि.क्ति | चौ.न.पा. | ९८४८९८६२३० | | |
| ३५ | परशुराम के.सी. | ल.प.स. " | चौ. न. पा | ९८४९३४४२६६ | | |
| ३६ | प्रदिप महतारा | " " " | चौ. न. पा. ६ | ९८६८४८६५८६ | | |
| ३७ | डिल्लाराम बाँढामगर | वडा सचिव | चौ. न. पा. ६. | ९८६६७०४४६४ | | |
| ३८ | सीता कु. बुढाथोकी | वडा सचिव | चौ. न. पा. -६ | ९८६९८६३०४ | | |
| ३९ | धर्मराज सापकोटा | वडा सचिव | चौ. न. पा. ०५ | ९८४८६८०४३ | | |
| ४० | शिवराम शाही | वडा सचिव | चौ. न. पा. १३ | ९८४४०८४९० | | |
| ४१ | सविता पोखरेल | वडा सचिव | चौ.न.पा. ०२ | ९८४९७६८८१८ | | |
| ४२ | हिमा कु. रावल | सब-इन्जिनयर | चौ. न. पा. ०२ | ९८६३५२९६३३ | | |
| ४३ | चुडामणि के.सी. | हे. अ. | चौ.न.पा. ०२ | ९८४३९९९४ | | |
| ४४ | रामु ब. सुनार | हे. अ. | प्रतिभा कोई स्वा. | ९८४३८२६१५१ | | |
| ४५ | स्तामराज गौतम | वडा सचिव | प्रा. स्वा. के. चौरजहारी | ९८५२०३३९८ | | |
| ४६ | सुभाष गुरुङ | वडा सचिव | चौ न पा ०९ | ९८४८२२६०४ | | |
| ४७ | ठगेन्द्र छत्री | हे. अ. | चौ. न. पा. ११ | ९८९२८६६९२ | | |
| ४८ | अमर ओली | न प्र. सनि. | स्वा. केन्द्र वडा नं. ८ | ९८४८०६८४२ | | |
| ४९ | राम कुमार नाथ | अ.हे.व. | धर्न नगरपालिका | ९८०५६४४३६३ | | |
| ५० | डोर प्रसाद शर्मा | प्र. स्वा. अ. | नगर स्वास्थ्य शाखा | ९८६८०७९६५८ | | |
| ५१ | देवबहादुर रोकाय | फिल्ड सहायक | " — " | ९८४८२१४०१५ | | |
| ५२ | प्रेम कुमार राना मगर | एम.आई.एस. अपरेटर | चौरजहारी नगरपालिका | ९८४४१३०४५ | | |
| ५३ | उषा सनार | अ. न. मी | चौरजहारी नगरपालिका | ९८४३५५२६१ | | |
| ५४ | विरेन्द्र अधिकारी | वडा सचिव | चौरजहारी नपा-१२ | ९८६८२४४७१६ | | |
| ५५ | निर्मल प्र. पागा | वडा सचिव | चौरजहारी नपा-१२ | ९८४६५५४५३४ | | |
| ५६ | राजेन्द्र कुमार मल्ल | वडा सचिव | चौ. न. पा. १० | ९८४६५०६०२९ | | |
| ५७ | दिपलाल कवर | कार्यालय सहायक | चौ. न. पा. ०८ | ९८४६७४४८८ | | |
| ५८ | खुमन कँवर योगी | वडा सचिव | चौ.न.पा.नं. प्रशा. | ९८४६७१२६६६ | | |
| ५९ | डिल्ली बुढाथोकी | जनस्वास्थ्य निरीक्षक | चौ. न. पा. वडा ६ | ९८४४९८३६०० | | |
| ६० | देव बहादुर बेटाला | प्रशासन सहायक | आ. स्वा. से. केन्द्र-३ / चौ. न. पा. | ९८४५३००९०८ / ९८६८९८६४३६ | | |

## प्रस्ताव तथा निर्णयहरु

१. चौरजहारी नगरपालिका विपद् व्यवस्थापन समितिको मिति २०७७।०६।०२ गतेको कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी निर्णयको पूर्ण रुपमा कार्यान्वयन गर्ने तथा गराउने ।

२. नगर शिक्षा समितिले विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका, २०७७ बमोजिम मिति २०७७।०६।०२ गते विद्यालयलाई सिकाइ केन्द्रको रुपमा लिई पठनपाठन सञ्चालन गर्ने सम्बन्धी निर्णय पूर्ण रुपमा कार्यान्वयन गर्ने तथा गराउने ।

३. आर्थिक वर्ष २०७७।०७८ को सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण हुने व्यवस्था गरिएकोले सम्बन्धित वडा कार्यालय र शाखाले सबै लाभग्राहीको बैंक खाता यथाशिघ्र नगरपालिकाले तोकेको बैंकमा खोली पहिलो चौमासिकको भत्ता समयमै वितरण हुने व्यवस्था गर्ने ।

४. केहि स्वास्थ्य संस्थाहरुबाट नियमित रुपमा स्वास्थ्य सेवा प्रवाह भई नरहेको, चौविसै घण्टा On call मा रहि आकस्मिक स्वास्थ्य उपचार सेवा उपलब्ध गराउने भनिएकोमा सो कार्य भईनरहेको लगायतका गुनासाहरु प्राप्त भएको हुँदा अब उप्रान्त त्यसो हुन नदिन सम्बन्धित शाखाले विशेष रुपमा अनुगमन र निगरानी गर्ने । जिम्मेवारी अनुसार काम गरेको नपाइएमा दण्डित गर्ने ।

५. भैंसी वितरणमा अनियमितता भएको, सामाजिक सुरक्षा भत्ता वितरणमा अनियमितता भएको लगायतका गम्भीर विषयहरुमा नगरपालिकाबाट छानविन टोली बनाई अनुसन्धान भईरहेको सन्दर्भमा सम्बन्धित वडा कार्यालयहरुले एवम् सम्बन्धित शाखाहरुले अनुसन्धानमा सहयोग गरी सत्य तथ्य बाहिर ल्याउन एवम् दोषी पाइएमा दोषी उपर कारवाही गर्न आ-आफ्नो स्थानबाट सहयोग गर्ने ।

६. केहि वडा कार्यालयमा कार्यरत कर्मचारीहरु सम्बन्धित वडा कार्यालयमा नियमित उपस्थित नभईरहेको सूचना प्राप्त भएकोले सम्बन्धित वडा कार्यालयले आ-आफ्नो वडामा कार्यरत कर्मचारीहरुको उपस्थितिको यथार्थ विवरण तयार पारी नगरपालिकामा पेश गर्ने । गलत प्रतिवेदन दिने वडा कार्यालयहरु एवम् जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरुलाई कारवाही हुन सक्ने तर्फ सबै सचेत रहने ।

७. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नवीकरण, लगत कट्टा, विवरण अद्यावधिक, नयाँ नाम इन्ट्रि लगायतका कार्यहरु तोकिएकै समय सिमाभित्र गर्न वडा कार्यालय एवम् सम्बन्धित शाखाहरुले विशेष पहलकदमी लिने । निकट भविष्यमै व्यक्तिगत घटना दर्ता अनलाइन मार्फत हुने व्यवस्था लागू हुन गइरहेको एवम् पुराना घटना दर्ताहरु अनलाइन सिस्टममा इन्ट्रि हुने प्रक्रिया थालिएको सन्दर्भमा सेवा इकाई मार्फत अनलाइन घटना दर्ताको लागि सबै वडाका वडा सचिवहरु

User name र Password निर्माण गरी तयारी अवस्थामा बस्ने । अनलाइन घटना दर्ताको लागि आवश्यक पूर्वाधारको व्यवस्था मिलाउने ।

८. लागू औषध निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थको नियन्त्रण सम्बन्धि निर्देशिका, २०७७ बमोजिम सार्वजनिक स्थलको ५०० मिटरभित्र मदिराजन्य पदार्थ उत्पादन, विक्रि वितरण र सेवामा पूर्ण प्रतिबन्ध लगाउने । सार्वजनिक स्थलको २०० मिटरभित्र सुर्तिजन्य पदार्थको उत्पादन, विक्रि वितरण र सेवनमा पूर्ण प्रतिबन्ध लगाउने ।

९. वडा सचिवहरुले वडा कार्यालयमा रहेका विद्यालयका प्रधानाध्यापकहरु, स्वास्थ्य संस्थाका प्रमुख, वडा अध्यक्ष लगायतका व्यक्तित्वहरुसँग समन्वय गरी वडास्थित मदिरा उत्पादन, विक्रि वितरण र सेवन गर्ने शिक्षक तथा कर्मचारीहरुको विवरण तयार गरी गोप्य रुपमा नगरपालिकामा यथाशीघ्र बुझाउने ।

१०. नगरपालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वनपैदावारको विक्रि वितरणको लागि कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनुपर्ने र कूल बिक्रि वितरणबाट उठेको रकमको १० प्रतिशतले हुन आउने रकम नगरपालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्ने स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था कार्यान्वयन गर्न यस नगरपालिकाबाट जारी सूचना अनुसार गर्न तथा गराउन विशेष पहल गर्ने । सूचनाको बारेमा उपभोक्ता समितिका पदाधिकारीहरुलाई जानकारी गराउने ।

११. वडा कार्यालयहरुले आफ्नो वडाभित्र रहेका व्यापार तथा व्यवसायहरुको विस्तृत विवरण तयार पारी नगरपालिकामा पेश गर्ने । व्यवसाय दर्ता, नवीकरण भए/नभएको उपभोक्ता स्वास्थ्य, हक अधिकारमा खेलवाड गरे/नगरेको लगाएतका विषयहरुमा नियमित रुपमा अनुगमन गरी मासिक रुपमा प्रतिवेदन नगरपालिकामा पेश गर्ने ।

१२.नगरपालिकाबाट विवरण पेश गर्न गरिएको पत्राचार अनुसार तोकिएको अवधीभित्र नै विवरण सम्बन्धित शाखा/उपशाखा/वडा कार्यालयहरुले पेश गर्ने । तोकिएको अवधीभित्र नै कार्यसम्पादन गर्नुपर्ने कुरामा सबै सचेत रहने ।

१३. सुपथ मुल्यका सहकारी पसलहरु प्रभावकारी ढंगले सञ्चालन गर्न एवं लक्षित समुदाय (उपभोक्ता कार्ड प्राप्त) ले यसको लाभ प्राप्त गर्न सम्बन्धित वडा कार्यालयहरुले आवश्यक प्रचारप्रसार, सहयोग र सहजीकरण गर्ने । अनावश्यक भ्रम र अफवाह चिरफार गर्ने ।

२०७८/०५/०८